# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर खतिवडा -विश्व बैंक/आई.एफ.सी. प्रतिनिधिमण्डल भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग विश्व बैंक तथा अन्तर्राष्ट्रिय वित्त निगमका कार्यकारी निर्देशकहरूको एक प्रतिनिधि मण्डलले बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा आज फागुन २१ गते भेट तथा छलफल गऱ्यो । सो क्रममा उहाँहरुबीच बहुपक्षीय आर्थिक एवम् वित्तीय विषयका साथै विश्व बैंक समूहले नेपालको आर्थिक विकासका लागि गर्न सक्ने सहयोगका क्षेत्रहरूबारे विचार विमर्श भएको थियो ।



सो भेटमा गभर्नर डा. खतिवडाले नेपालको विकास प्रयासमा विश्व बैंक समूहले देखाएको तत्परता तथा गरेको योगदानको प्रशंसा गर्नु हुँदै नेपालको आर्थिक तथा वित्तीय अवस्था तथा यसका मुख्य चुनौतीबारे सङ्क्षिप्त जानकारी गराउनु भएको थियो । गभर्नर खतिवडाले विश्व बैंकले वित्तीय क्षेत्र स्थायित्व, वित्तीय क्षेत्र मूल्यांकन कार्यक्रम, वित्तीय समावेशिता लगायत आर्थिक वृद्धि एवम् गरिबी निवारण जस्ता नेपालमैत्री कार्यक्रममा सहयोग पुऱ्याएको उल्लेख गर्नु हुँदै नेपालको विशिष्टताका आधारमा यहाँको विकासको ढाचा पनि केही विशिष्ट हुनु पर्ने धारणा राख्नुभएको थियो ।

यस क्रममा उहाँले नेपालको वित्तीय क्षेत्रमा ‘क’ वर्गका वाणिज्य बैंकको भूमिका बढी रहेको भए पनि बीमा तथा पुंजी बजारको उपस्थिति राम्रो हुँदै गएको स्पष्ट पार्नु हुँदै नेपालको वित्तीय क्षेत्र स्थायित्व सन्तोषजनक रहेको जानकारी गराउनुभएको थियो । विश्व अर्थतन्त्रमा कम आबद्ध रहे पनि विनिमय दर पद्दतिका कारण भारतीय अर्थतन्त्रको प्रभाव नेपाली अर्थतन्त्रमा सोझै पर्ने सन्दर्भ उल्लेख गर्दै उहाँले नेपालको संक्रमणकालीन राजनैतिक अवस्था क्रमशः स्थिर हुँदै गएको स्पष्ट पार्दै लगानीकर्ताका लागि मुलुकमा उपयुक्त वातावरण बन्दै गएको धारणा राख्नुभएको थियो ।



छाँया बैंकिङको अवस्थालाई सम्बोधन गर्न दोस्रो सुपरिवेक्षकीय संस्था स्थापनाको प्रयास भइरहेको स्पष्ट पार्दै उहाँले कृषि अर्थतन्त्र, औद्योगिक अवस्था, वैदेशिक रोजगारीको वाध्यता, अर्थतन्त्रको तेस्रो

खम्बाका रूपमा सहकारीको उपस्थिति, वित्तीय (Fiscal) अवस्था, मुद्रास्फीति बढ्नुमा आपूर्ति पक्षको प्रभावका विषयमा जानकारी गराउनुभएको थियो । उहाँले नेपाल राष्ट्र बैंकद्वारा वित्तीय पहुँच अभिवृद्धिका लागि चालिएका कदमबारे संक्षिप्त प्रकाश पार्दै वित्तीय पहुँच जनसाधारणको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्दै आर्थिक वृद्धिमा समेत योगदान पुग्ने खालको हुनु पर्ने धारणा राख्नुभएको थियो ।

सो छलफलमा गभर्नर खतिवडाले विश्व बैंक तथा यसका समूह संस्थाबाट सहयोग हुन सक्ने सम्भावित क्षेत्रबारे समेत प्रकाश पार्दै आगामी दिनमा नेपालको आर्थिक विकासमा यस प्रकारको सहयोग निरन्तर प्राप्त भइरहने अपेक्षा व्यक्त गर्नु भएको थियो ।

सो अवसरमा डेपुटी गभर्नर महा प्रसाद अधिकारीको समेत उपस्थिति रहेको थियो ।

२०७० फागुन २१ गते, बुधवार

गभर्नरको कार्यालय